फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

## फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः७) थकेपुङ, पाँचथर, असार २१ गते, २०८१साल (संख्याः ४

**भाग-१**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

स्थानिय वन (पहिलो संसोधन) ऐन,२०८१

## **<u>फालेलुङ गाउँपालिकाको स्थानिय वन (पहिलो संसोधन) ऐन, २०८१</u>**

**<u>प्रस्तावनाः-</u>** फालेलुङ गाउँपालिकाको स्थानिय वन ऐन,२०७९ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

फालेलुङ गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ।

१) **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** (१) यस ऐनको नाम "स्थानिय वन (पहिलो संसोधन) ऐन,२०८१ रहनेछ।

(२) यो ऐन फालेलुङ गाउँपालिकाले राजपत्रमा प्रकाशन गरेको मितिदेखी लागू हुनेछ।

२) **<u>मूल ऐनमा दफा २३ क, थपः</u>-** मूल ऐनको दफा २३ पछी देहायको दफा २३ 'क' थपिएको छः-

२३ 'क' परम्परागत चौरी गोठ सूचिकृत गर्नुपर्नेः (१) गाउँपालिकाको क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौरीपालक कृषकहरले तोकिएबमोजिम चैरी गोठ गाउँपालिकामा सुचिकृत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम चौरीगोठ सूचिकृत गर्ने प्रयोजनको लागी गाउँपालिकाले निश्चित दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) यस गाउँपालिकाको क्षेत्रभित्र परम्परागत चौरीपालन गर्ने कृषकले चौरीको संख्या गोठ सञ्चालनको वार्षिक समय तालिका तथा चौरी चरिचरनको क्षेत्रको विवरण सहित तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दर्ता गराउनु पर्नेछ। व्याक्तिगत रुपमा चौरी पालन गर्ने कृषकले भाले पोथी लगायत सबै प्रकारका चौरी गरी बढिमा २५ गोटामात्र चौरी पालन गर्न सक्नेछ र सामुहिक रुपमा चौरीपालन गर्ने कृषकहरूले १ जनाको २५ गोटाका दरले थप गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम पेश भएका निवेदनहरू अध्ययन र स्थलगत जाँचबुझ गरी गाउँपालिकाले प्रमाणपत्र दिदै चौरीपालक किसानलाई सूचिकृत गरिनेछ।

(५) माथि उल्लेखित दफा वमोजिम गाउँपालिकामा सुचिकृत नभएका चौरीपालक कृषकहरुलाई यस गाउँपालिकाको क्षेत्रभित्र गोठ निर्माण, स्थानान्तरण र सञ्चालन गर्न पाउने छैन।